# साहित्य संसार

नेपाली साहित्य र संस्कृति प्रति प्रतिबद्ध

## प्रा.वासुदेव त्रिपाठी

नेपाली भाषासाहित्यका वरिष्ठ व्यक्तित्व प्राध्यापक डा. वासुदेव त्रिपाठीले समालोचना, निबन्ध, कविता, भाषाव्याकरण आदि विषयमा प्रसिद्धि पाउनुभएको छ । उहाँको लेखनीले नेपाली साहित्यको पृष्ठभूमिमा अतुलनीय स्थान ओगटेको छ ।

संवत् १९९९ साल चैत्र १३ गते प्रेमदत्त त्रिपाठी तथा गोमादेवीको ज्येष्ठ सुपुत्रका रूपमा वासुदेव त्रिपाठीको जन्म गण्डकी अञ्चलको तनहुँमा भएको थियो । आठ वर्षको उमेरमा आफ्नी आमाको माया, मोह र स्नेहबाट वञ्चित त्रिपाठी आफ्ना कर्मवीर बुबा प्रेमदत्त त्रिपाठीको त्याग, तपस्या र मायाबाट आफ्ना यात्रामा अविरल हिँडिरहनुभयो ।

संवत् २००७ सालअघिको कुरा हो; त्यसबेला तनहुँ र छिमेकी जिल्लाहरूमा खास विद्यालय र शिक्षकहरूको अभाव थियो । सोही कारणले त्यसबेला त्यहाँका मान्छेहरूले गुरु फेला परे संस्कृत पढ्नुपर्थ्यो, माष्टर फेला परे अङ्ग्रेजी पढ्नुपर्थ्यो र सेवानिवृत्त सैनिक शिक्षक फेला परे कवाज र नाचगानको तालिम लिनुपर्थ्यो । त्रिपाठीले पनि त्यसै किसिमको शिक्षाको लहरमा लहरिँदै अध्ययन चालू राख्नुभयो । त्रिपाठीको पढाइको स्तर निक्कै माथिल्लो कोटिको भएको हुँदा उहाँलाई तेन्ह वर्षको उमेरमा काठमाडौं उपत्यका भित्र्याइएको थियो । तर काठमाडौंमा पढ्न आएका त्रिपाठी क्रमशः साहित्य सृजना र राजनैतिक मैदानमा लहसिन थाल्नुभयो । पछि आफ्ना बुबाको निर्देशन पाएर उहाँ एकोहोरो शिक्षा आर्जनमा मात्रै समर्पित हुनुभयो । परिणामस्वरूप नेपाली, संस्कृति र अङ्ग्रेजी विषयमा उहाँको दक्षताले शिखर कुल्चन थाल्यो । उहाँको अथक मिहिनेतका कारणले संवत् २०२२ सालमा त्रिभुवन विश्वविद्यालयबाट उहाँ प्रथम श्रेणीमा संस्कृत व्याकरणमा आचार्य समुत्तीर्ण हुनुभयो । त्यसपछि उहाँ सोही विश्वविद्यालयबाट संवत् २०२४ सालमा प्रथम श्रेणीमा प्रथम भई नेपालीमा एम. ए. समूत्तीर्ण हुनुभयो । त्यसपछि २०३३ सालमा उहाँले पी.एच.डी. गर्नुभयो । नेपाली साहित्यमा त्रिभूवन विश्वविद्यालयबाट पहिलोपटक पी.एच.डी. उपाधि प्राप्त गर्ने सौभाग्य पाउने व्यक्तित्व नै वासुदेव त्रिपाठी हुनुभयो ।

नेपाली साहित्याकाशका मूर्धन्य व्यक्तित्व प्राध्यापक डा.बासुदेव त्रिपाठीका हालसम्म बीसवटा पुस्तकाकार कृति जनसमक्ष प्रकाशित भएका छन् ।

वासुदेव त्रिपाठीले हालसम्म लेख्नुभएका कृतिहरूको बलियो भूमिका नेपाली साहित्यको फाँटमा रहेको छ । नेपाली साहित्यको मन्दिर धनी हुनुमा उहाँको स्तरीय ग्रन्थहरूबाट पनि महत्वपूर्ण भूमिकाको निर्वाह भएको छ ।

संवत् २०२४ सालमा त्रिचन्द्र कलेजमा केही महिना लेक्चरर भई त्रिपाठीले संस्कृत पढाउनुभयो । त्यसैवर्ष उहाँ त्रिभूवन विश्वविद्यालयको नेपाली विभागमा लेक्चररमा नियुक्त हुनुभयो । उहाँ २०३० सालमा त्रिभुवन विश्वविद्यालयको नेपाली विभागका प्रमुख बन्नुभयो । आफ्नो लगन, सीप र दक्षताका कारणले उहाँ २०३४ सालमा नेपाली विभागको प्राध्यापकमा बढुवा हुनुभयो ।

संवत् २०२२ सालको कुरा हो । त्यसबेला उहाँ नेपालको अति विकट जिल्ला जुम्ला पनि पुगी चन्दननाथ पब्लिक हाइस्कुलको प्रधानाध्यापक बन्नुभयो । त्यहाँ उहाँले जुम्लीहरूलाई अध्ययन र साहित्यतर्फ प्रेरित गराउनुभयो ।

वासुदेव त्रिपाठी सानैदेखि संस्कृत भाषाका कट्टर समर्थक हुनुहुन्थ्यो । त्यसैबेला उहाँ संस्कृत छात्रसंघको सभापति पनि बन्नुभयो । त्यसै बेला उहाँको प्रधान सम्पादनमा 'जयतु संकृतम' भन्ने संस्कृत मासिक पत्रिका पनि प्रकाशित हुने गर्थ्यो । त्यसैबेला ठाकुर पराजुलीको सम्पादनमा निस्कने 'सिंहनाद'को पनि त्रिपाठी नै प्रकाशक हुनुहुन्थ्यो ।

डा.त्रिपाठीको पनि महान सदीक्षा, सक्रियता र सीपका कारणले नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानद्वारा 'नेपाल वृहद् शब्दकोश' तयार हुन सक्यो ।

डा.बासुदेव त्रिपाठीको व्यक्तित्वको अर्को महत्वपूर्ण पक्ष काव्य हो । उहाँको काव्यात्मक व्यक्तित्वले प्रकृति, प्रेम र जनजीवनको गाथालाई बोकेको हुन्छ । उहाँका अधिकाँश कविता वार्णिक छन्दमा आधारित हुन्छन् । नेपाली काव्यको स्तरीयता कायम गराउन वासुदेव त्रिपाठीका कविताले महत्वपूर्ण भूमिका खेलेको पाइन्छ ।

प्राध्यापक त्रिपाठी सुप्रबल गोरखा दक्षिणबाहु, महेन्द्र विद्याभूषण (प्रथम), 'गद्यी आरोहण रजत महोत्सुव पदक', झपट पुरस्कार, मदन पुरस्कार, छिन्नलता सम्मान, दीपस्मृति सम्मान, उदयानन्द पुरस्कार र भूपालमान सिंह पुरस्कारबाट विभूषित र सम्मानित हुनुहुन्छ ।